
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

❑ वर्ष २३ ❑ अङ्क २४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज २ गते आइतबार ❑ 18 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

## पोखरामा अन्तर्राष्ट्रियस्तरको चित्रकला प्रदर्शनी

**पोखरापत्र संवाददाता**
**पोखरा, १ असोज**

वरिष्ठ काटुर्निष्ट दुर्गा बराल (वास्त्यायन) भन्नुहुन्छ पानी रङका चित्र खारिएका कलाकारले मात्र कोर्न सक्छन् । नयाँ चित्रकारलाई पानी रङको चित्र कोर्न कठिन छ, यस्ता रङका चित्र जो-कोही चित्रकारले कोर्न सक्दैनन् । पुराना चित्रकारले भने यी रङका चित्र सजिलै कोर्न सक्छन् किनकि प्राचीनकालदेखि नै पानी रङका चित्र मात्र कोर्ने प्रचलन थियो, अन्य रङको विकास भइसकेको थिएन ।




पोखराको बगरस्थित गण्डकी प्रज्ञा प्रतिष्ठानको सभाहलमा शनिबारदेखि अन्तर्राष्ट्रियस्तरको तीनदिने चित्रकला प्रदर्शन सुरु भएको छ । त्यही कार्यक्रममा सम्मानित भएपछि बरालले भन्नुभयो, "पानी रङका चित्र कोर्न जो कोहीले सक्दैन, पछिल्ला समय विभिन्न तेल रङ, ग्वास पेन्टिङको विकास भएपछि ती रङबाट चित्र कोर्न सजिलो भएको छ ।" अन्तर्राष्ट्रिय जलरङ समाज (आइडब्लुएस) नेपालद्वारा आयोजित तथा गण्डकी प्रज्ञा प्रतिष्ठानको समन्वयमा शनिबारदेखि पोखरामा तीनदिने अन्तर्राष्ट्रियस्तरको पोखरा आर्ट क्याम्प चित्रकला प्रदर्शनी सुरु भएको छ । चित्रकला प्रदर्शनीमा नेपाल, भारत, बङ्गलादेश र इराकका एक सय १८ चित्रकारको सहभागिता रहेको जानकारी समाजका अध्यक्ष एनबी गुरुङले दिनुभयो । नेपालका विभिन्न जिल्लाबाट ९० र अन्य तीन देशका २८ चित्रकार चित्रकला प्रदर्शनीमा सहभागी छन् । पहिलो दिन उनीहरूले प्रतिष्ठानको सभाहलमा आफ्नै किसिमबाट आ-आफ्नो देशका चित्र कोर्ने छन् भने उत्कृष्ट १० चित्रलाई पुरस्कृतसमेत गरिने छ । त्यस्तै दोस्रो दिन आइतबार कास्कीको माछापुच्छ्रे गाउँपालिकास्थित घाचोकमा लगेर उनीहरूलाई त्यहाँको प्रकृतिका चित्र कोर्न लगाइने र तेस्रो दिन सोमबार पोखराको पुम्दीकोट र कास्कीकोटमा लगेर ती कलाकारलाई त्यहाँको प्रकृतिका चित्र कोर्न लगाइने जानकारी समाजका अध्यक्ष गुरुङले दिनुभयो ।

पोखरा आर्ट क्याम्पको शुभारम्भ गर्दै सङ्घीय सांसद तथा पूर्वस्वास्थ्य तथा गृहमन्त्री खगराज अधिकारीले कला हरेक मानिसको जीवनसँग जोडिने विषयवस्तु भएकाले यस्ता चित्रले नेपाललाई अन्तर्राष्ट्रियरूपमा चिनाउने बताउनुभयो । शुभारम्भ कार्यक्रममा चित्रकलामा उत्कृष्ट योगदान पुऱ्याएवापत वरिष्ठ कलाकार दुर्गा बराल (वात्स्यायन), हरिराम जोजिजु र युकेश विकलाई सम्मान गरिएको थियो ।

## भद्रकाली बहुमुखी क्याम्पस संचालक समितिको अध्यक्षमा सिग्देल

**पोखरापत्र संवाददाता**
**पोखरा, १ असोज**

पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली बहुमुखी क्याम्पसको १३ औं वार्षिक साधारण सभा तथा चौथो अधिवेशनले संचालक समितिको अध्यक्षमा माधवप्रसाद सिग्देललाई चयन गरेको छ



शनिवार भएको अधिवेशनमा समितिको सदस्यहरुमा क्रमश जयप्रसाद सापकोटा, शोभाकान्त सिग्देल, विष्णु कार्की, वलराम वराल, भीमप्रसाद न्यौपाने र प्रदिप कुमार लम्साल रहेका छन् । भद्रकाली बहुमुखी क्याम्पस संचालक समितिका संस्थापक अध्यक्ष विश्वप्रकाश सिग्देलले अधिवेशनको उद्घाटन गर्दै क्याम्पसका प्राध्यापकहरुको सिनेटरमा रुची बढेकोले सवैको अपनत्व बढ्दै गएको प्रशंसा गरे । क्याम्पसमा गुणात्मक शिक्षाको लागि आँफु सदैव तयार रहेको संस्थापक अध्यक्ष सिग्देलले भने । वडा नं १३ का वडा अध्यक्ष किरण वरालले आफ्नो कार्यकाल भित्र जसरी पनि क्याम्पसलाई जग्गा खोजी भौतिक निर्माणको सुरुवात गर्ने वचन वद्धता व्यक्त गरे । दिनरात क्याम्पसलाई जग्गा खोज्न नापि देखि मालपोत कार्यालयमा सम्पर्क भइरहेको अध्यक्ष वरालले जानकारी गराए । भद्रकाली बहुमुखी क्याम्पस संचालक समितिका अध्यक्ष बजिरमान श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा प्रा.तारा वराल, भद्रकाली मावि व्यवस्थापन समितिका अध्यक्ष लोकवहादुर कार्की, सिनेटरको तर्फवाट रामगोपाल ढेवाजु, पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्की, भद्रकाली बहुमुखी क्याम्पसका प्रमुख नवराज रेग्मी, भद्रकाली माविका प्रधानाध्यापक राजेन्द्र भण्डारी, भद्रकाली बहुमुखी क्याम्पस प्राध्यापक संघका सभापति लोकचन्द्र खनाल, आमा समुहको तर्फवाट सत्यदेवी आमा समुहका अध्यक्ष जमुनादेवी श्रेष्ठ लगायत वोलेको कार्यक्रममा क्याम्पस संचालक समितिका सदस्य शरदकान्त सिग्देलले स्वागत र क्याम्पसका सहायका प्रमुख नारायणप्रसाद सापकोटाले साहित्यमय भाकामा कार्यक्रम संचालन गरेका थिए ।

सोही अवसरमा वडा १३ का अध्यक्ष किरण वरालले क्याम्पसको संरक्षक बन्ने घोषण गर्नुको साथै १७ वर्ष अमेरिका बसाइमा टिकटिकमा पनि ख्यातिप्राप्त गरेका डा.सन्तोष सापकोटाले टिकटकवाटै प्राप्त एक महिनाको आम्दानी वरावरको रकमले क्याम्पसमा अक्षयकोष स्थापनाको घोषणा गरे ।

## लोकतन्त्र, राष्ट्रियता र विकासको अभियानले हार्न हुँदैन : अध्यक्ष ओली

**रासस**
**पोखरा, १ असोज**

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले नेपाली जनता, लोकतन्त्र, राष्ट्रियता र विकासको अभियानले हार्न नहुने बताउनु भएको छ ।



संविधान दिवसका अवसरमा एमालेले शनिबार यहाँ आयोजना गरेको पदयात्रा (वाकथन) मा उहाँले मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा देश, जनता, लोकतन्त्र, संविधान, भ्रष्टाचार विरोधी अभियान, सुशासनको प्रयास र विकासको अभियानलाई हार्न नदिने बताउनुभयो । उहाँले संविधान जारी गरेपछि सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक क्षेत्रमा असाधारण प्रगति हासिल गरेको बताउनुभयो । उहाँले संविधान दिवसलाई जनताको दिवस मनाउनुपर्ने भन्दै लोकतन्त्र, राष्ट्रियता, राष्ट्रिय अखण्डताको पक्षमा एमालेले देशलाई अगाडि बढाउने बताउनुभयो । सङ्घर्ष र बलिदानबाट लामो यात्रा पार गरेर संविधान कार्यान्वयन भइरहेको उल्लेख गर्दै नेपालमा साम्प्रदायिक विद्वेष फैलाउने प्रयास गरिएको आरोप लगाउनुभयो । "नेपालमा साम्प्रदायिक विद्वेष भड्काउने प्रयास भए । नेपाललाई द्वन्द्वमा फसाउने कुचेष्टा, लोकतान्त्रिक बाटोमा जान नदिने चेष्टालाई हामीले पराजित गरेर देशलाई लोकतन्त्रको बाटोमा अगाडि बढाएका छौँ", उहाँले भन्नुभयो । अध्यक्ष ओलीले नेपाल अरु कसैले चलाउने होइन नेपाली जनताले चलाउने हो भन्नुभयो । "नेपाल, हामी नेपालीको हो भन्ने भावनाका साथ हामी अगाडि बढेका छौँ", उहाँले भन्नुभयो । सो पदयात्रा बानेश्वर, मैतिदेवी, लैनचौर, कालीमाटी र ललितपुरको कुपण्डोलबाट निस्केको थियो । पदयात्रामा एमाले अध्यक्ष ओली, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शङ्कर पोखरेललगायत शीर्षनेताको सहभागी रहेको थियो ।

## संसद्‌को कार्यकालमा महत्वपूर्ण उपलब्धि : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, १ असोज**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले वर्तमान संसद्‌को कार्यकालमा महत्वपूर्ण उपलब्धि हासिल भएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको शनिबारको बैठकलाई सम्बोधन गर्नुहुँदै उहाँले संसद्‌ले महत्वपूर्ण उपलब्धि हासिल गरेको आफूले महशुस गरेको उल्लेख गर्नुभयो । प्रधानमन्त्री देउवाले वर्तमान सरकार र सत्ता गठबन्धनकै कारण संविधान र लोकतन्त्रको रक्षा भएको बताउनुभयो । वर्तमान सरकार गठनसँगै परराष्ट्र सम्बन्धमा सुधार आएको उल्लेख गर्दै उहाँले सरकार निष्पक्ष र शान्तिपूर्ण निर्वाचन गराउन प्रतिबद्ध रहेको बताउनुभयो । प्रधानमन्त्री देउवाले देशभर आएको बाढीपहिरामा भएको क्षतिको लेखाजोखाका साथै त्यसमा पीडितको तत्काल उद्धार गरिएको, घाइतेको उपचार, घरबारविहीन तथा मृतक परिवारलाई राहत उपलब्ध गराउन सरकार लागिपरेको जानकारी गराउनुभयो ।

## संसद् पूरा कार्यकालसम्म जोगाउन सफल भयौँ : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, १ असोज**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संसद्‌को कार्यकाल पूरा अवधिसम्म जोगाउन सफल भएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको शनिबारको बैठकलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले अघिल्लो सरकारका असंवैधानिक कार्यबाट संविधान र लोकतन्त्रको रक्षा गर्न संसद् सफल भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "प्रतिनिधिसभाको कार्यकाल पाँच वर्ष भए पनि अकाल मृत्यु भोग्नुपर्ने अवस्थाबाट जोगाएका छौँ । अकाल मृत्यु भोग्नुपर्ने अवस्थामा सदन पुगेको थियो । त्यो अवस्थाबाट सदन बचेको छ । जनता, नागरिक समाजले सडक आन्दोलन गरेर र अदालतले संसद् जिवित गरायो ।"

माओवादी केन्द्रका संसदीय दलका नेतासमेत रहनुभएका अध्यक्ष दाहालले पाँच वर्ष प्रतिनिधिसभा जसरी चल्नुपर्ने थियो त्यसरी चल्न नसकेको बताउनुभयो । "यो पाँच वर्ष जसरी व्यतित हुनुपर्दथ्यो । त्यो हुन सकेन । दुईपटक संविधान विघटन भयो । सात महिना चलेन", उहाँले भन्नुभयो, "संविधानअनुसार स्थायी र समृद्धिको यात्रा अगाडि बढ्ने अपेक्षा गरिएको थियो । तर दुर्भाग्य त्यस्तो भएन । तीन वर्ष नपुग्दै तत्कालीन सरकार अगाडि जान सकेन ।" अध्यक्ष दाहालले अब भविष्यमा लोकतन्त्रको मान्यताअनुसार संसद् सञ्चालन हुनुपर्ने धारणा राख्नुभयो । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउने सबै राजनीतिक दलले लाग्नुपर्ने भन्दै जनताको फैसला सबैले स्वीकार गर्ने उहाँले बताउनुभयो ।

अध्यक्ष दाहालले आउने दिनमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र र समृद्धिका मुद्दामा राष्ट्रिय सहमति आवश्यक रहेको बताउनुभयो । उहाँले संविधानअनुसार अर्को सरकार बन्ने सम्भावना भए पनि संविधानको भावना, लोकतन्त्रको मान्यताविपरीत तत्कालीन सरकारले प्रतिनिधिसभा विघटन गरेको स्मरण गर्नुभयो । उहाँले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीभित्रको अन्तर विरोधलाई समाधान गर्न नसकेर प्रतिनिधिसभा विघटन गरेको आरोप लगाउनुभयो । "हामीसँग बहुमत थियो । पार्टीभित्र छलफल चलिरहेको थियो । तर केले उत्प्रेरित गऱ्यो उहाँलाई त्यतिबेलाको संसद् विघटन गर्नका लागि ?", अध्यक्ष दाहालले भन्नुभयो, "तर उहाँले पार्टीभित्र मतभेद, अन्तरविरोध हुन्छन । ती समाधान हल गर्ने आफ्नै मान्यता हुन्छ । त्यहाँको विरोधलाई सार्वभौम थलो प्रतिनिधिसभालाई प्रहार गर्ने अधिकार ओलीलाई कसले दियो ?" देशलाई ठूलो संवैधानिक सङ्कटबाट बचाउन, लोकतन्त्रको रक्षा गर्न र अघिल्लो सरकारले असंवैधानिकरुपमा चालेका कदमलाई सच्याउन अहिलेको गठबन्धन सरकार बनेको अध्यक्ष दाहालको भनाइ थियो । गठबन्धन सरकारले जनताको भावनाअनुसार स्थानीय तहको निर्वाचन गरेको उल्लेख गर्दै अब संविधानअनुसार प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन गर्न वर्तमान सरकार लागिपरेको बताउनुभयो ।

अध्यक्ष दाहालले अछामलगायत देशभर बाढीपहिरोले क्षति भएकाप्रति दुःख व्यक्त गर्दै सरकारलाई तीव्र गतिमा राहत, पुनःस्थापना र उद्धारका काममा लाग्न ध्यानाकर्षण गराउनुभयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# लौरो अभियानको उद्घोष : पूरानाको विकल्प हामी

**पोखरापत्र संवाददाता**
**पोखरा, १ असोज**

लौरो अभियानले गण्डकी प्रदेश उम्मेदवारी घोषणा कार्यक्रम सम्पन्न गरेको छ । प्रतिनिधि सभा र प्रदेश सभा गरि १० जनाले अभियानको तर्फबाट स्वतन्त्र उम्मेदवारी घोषणा गरेका हुन् ।

उम्मेद्वारी घोषणा गर्दै अभियानका अभियन्ताहरुले अबको नेतृत्व पूरानो नेतृत्वको विकल्पमा आफूहरु रहेको बताएका छन् । गण्डकीबाट प्रतिनिधि सभा सदस्यका लागि मुस्ताङबाट राप्के गुरुङ, स्याङ्जा १ बाट अधिवक्ता सोम बहादुर नेपाली, नवलपुर १ बाट तुल्सी भुसाल, तनहुँ २ बाट



विष्णु पराजुलीले प्रतिनिधि सभा सदस्य पदका लागि उम्मेदवारी घोषणा गरेका छन् ।

यस्तै, प्रदेश सभा सदस्य पदका लागि कास्की १ (क) बाट सुचेन्द्र परियार, ३ (क) बाट खेम तिमिल्सिना, स्याङ्जा १ (ख)बाट नरेन्द्र बहादुर थापा क्षेत्री, स्याङ्जा १ (क) बाट मकुल मियाँ, कास्की १ (ख) बाट महेश श्रेष्ठ, नवलपुर १ (क) बाट बद्री काफ्लेले उम्मेदवारी घोषणा गरेका छन् ।

उम्मेदवारी घोषणा कार्यक्रममा लौरो अभियानका संयोजक सुमन सायमी, रोहन कार्की, प्रवक्ता हरि कार्कीलगायत अभियानका अभियन्ताहरुको उपस्थिति रहेको थियो ।

अभियानका प्रवक्ता हरि कार्कीले देशको परिवर्तनका लागि वैकल्पिक शक्ति एकजुट भएर लौरो अभियान बनेको बताए । 'परिवर्तनप्रेमी वैकल्पिक तथा स्वतन्त्र शक्तिहरु एक ठाउँमा उभिएका छौं,' उनले भने, 'पूराना राजनीतिक पार्टीहरुलाई हेरि सक्नु भएको छ । अब हामीलाई हेर्नुस् ।'

अभियानका संयोजक सुमन सायमीले अभियानले देशका पूराना शक्तिलाई विस्थापित गर्ने बताए । 'वैकल्पिक शक्तिलाई साझा चुनाव चिन्ह र साझा घोषणापत्र दिएर गोलबद्ध गराएर हिडेका छौं हामी । देश भरको माहोल हेर्दा हामी पूराना शक्तिलाई विस्थापित गर्न सक्छौं नै, अब अभियान्ता साथीहरुले चाहेको खण्डमा हामी संगठनको रुप दिन पनि सक्छौं,' उनले भने ।



अन्तरक्रिया : राजनीतिशास्त्र सोसाइटी नेपालद्वारा शनिबार पोखरामा आयोजित संविधान कार्यान्वयन सम्बन्धमा आसन्न निर्वाचनमा उम्मेदवारी छनौटको आधार विषयक अन्तरक्रियामा सहभागीहरु । तस्बिर : ऋषिराम बराल, रासस

# सुखि नेपाली संमृद्द नेपाल निर्माणमा विकास महत्वपुर्ण :उपसभामुख शर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, १ असोज**

पोखरा महानगरपालिका वडा न १४ शुभकामना टोल स्थित सफलमार्ग १ किलो मिटर ढलान वाटोको शनिवार गण्डकी प्रदेशका उपसभामुख सृजना शर्माले उद्घाटन गरेकी छन् ।

ढलान वाटोको उद्घाटन गर्दै उपसभामुख शर्माले सवै मिलेर गरेको विकास दिगो हुने र समाजमा सवै खालको समस्या हल गर्न सहयोग पुग्ने वताईन् । सुखि नेपाली संमृद्द नेपाल निर्माण गर्न विकाशले सहयोग गर्ने वताईन् । कार्यक्रममा प्रज्ञ प्रतिष्ठानका उपकुलपति सुर्य वहादुर खड्का विखर्चिले विकास समाजको एक पाटो भएको वताउदै कला र साहित्य अर्को पाटो भएको वताए । कार्यक्रममा



पोखरा महानगरपालिका वडा न १४ का अध्यक्ष वोध वहादुर कार्किले टोलमा १ किलो मिटर वाटो ढलान भएकोमा खुसि व्यक्त गर्दै अरू केही विकास गर्नु परे सहयोग गर्ने वताए। कार्यक्रममा वडा सदस्य गोपाल सापकोटाले वडामा विकास निर्माणको काम धेरै भएको वताए । कार्यक्रममा वाटो ढलान कार्यमा सहयोग गर्नुहुने महानुभवहरूलाई दोसल्ला, सम्मानपत्र र अविरले सम्मान गरेका थिए । वाटो वडा प्रदेश र महानगर वाट ३५ लाख वरावरको सहयोगमा वाटो निर्माण भएको उपभोक्ता समितिका उपध्यक्ष वीर वहादुर गुरूङले वताए । कार्यक्रमा कृष्ण वहादुर केसिले स्वागत प्रकाश शर्माको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन राजु केसीले गरेका थिए ।

# नेकपा (एस)ले समानुपातिकमा नयाँ नेतालाई अवसर दिने

**रासस**
**काठमाडौं, १ असोज**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा समानुपातिक प्रणालीमा नयाँ नेतालाई अवसर प्रदान गर्ने भएको छ ।

पार्टीले बन्दसूचीमा हाल प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्य रहेका नेतालाई निरन्तरता नदिने गरी मापदण्ड तय गरेको हो । महासचिव डा बेदुराम भुसालले पार्टी सङ्गठनमा क्रियाशील भई विगतमा अवसर नपाएका नेता तथा कार्यकर्तालाई प्राथमिकता दिने गरी मापदण्ड निर्माण गरिएको जानकारी दिनुभयो ।

उम्मेदवारको नामावली छनोट गर्दा पार्टी निर्माणमा योगदान गरेको, समाजमा लोकप्रियता कायम गरेको, स्वच्छ छवि भएको कार्यक्षमता राम्रो भएको र सुशासनका क्षेत्रमा सक्रिय भएका लगायतलाई आधार बनाएको महासचिव भुसालले जानकारी दिनुभयो । संविधानले निर्दिष्ट गरेको मापदण्डका साथै समावेशी प्रणालीलाई अवलम्बन गर्दै भौगोलिक सन्तुलनको व्यवस्थापन गरी उम्मेदवारको नाम छनोट कार्यमा सन्तुलन कायम गरिने उहाँले जानकारी दिनुभयो ।

# वडा नं १३ मा पाठेघरको क्यान्सर सम्बन्धी निशुल्क स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
**पोखरा, १ असोज**

पोखरा महानगरपालिका वडा नं. १३ ले शनिवार महिलाको पाठेघरको क्यान्सर सम्बन्धी स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

पछिल्लो समय वडा १३ ले महिलाको स्वास्थ्यमा संवेदनशील बन्दै विभिन्न समयमा नियमित रुपमा परीक्षण गर्दै आइरहेको छ । शिविरमा ३० देखि ६० वर्ष उमेर समूहका ४ सयभन्दा बढी महिलाले निशुल्क स्वास्थ्य परीक्षण गराएको वडाध्यक्ष किरण बरालले जानकारी दिए । वडाको विकास सँगसँगै वडाबासीको स्वास्थ्यलाई लिएर आँफूहरु गम्भीर रहेको बताए अध्यक्ष किरणले । वडाबासी स्वस्थ्य रहेमा मात्र वडाको विकास गर्न सकिने धारणासहित स्वास्थ्य शिविर सञ्चालन गरिएको अध्यक्ष वरालले भने । वडा १३ का सदस्य सुचिता तामाङले सहभागी



महिलाहरु हृदयदेखी खुशी भएको वताइन । सहभागीले आगमी दिनमा दाँत, आँखा र कानको पनि निःशुल्क शिविर राखिदिन अनुरोध गरेका सदस्य तामाङले जानकारी गराइन । शिविरमा सहभागी वडा नं १३ निवासी शर्मिला भट्टराईले आगमी दिनमा फिजिसियन र हाडा जोर्नी लगायत विषयमा पनि शिविर राखिदिन अनुरोध गरिन । अझै पनि हाम्रो समाजमा आफ्नो समस्या लुकाएर राख्ने महिलाहरुलाइ खुलेर उपाचार गराउने मौका मिलेकोमा वडा परिवारलाइ धेरै धेरै धन्यवाद दिइन् शर्मिलाले ।

# शुक्लागण्डकीमा अतिक्रमित संरचना हटाइने

**पोखरापत्र संवाददाता**
**तनहुँ, १ असोज**

तनहुँको शुक्लागण्डकी नगरपालिकाले अतिक्रमण गरेर बनाइएका संरचना हटाउने भएको छ । काठमाडौं महानगरपालिकालगायत केही स्थानीय तहले सार्वजनिक जग्गा मिचेर बनाएका संरचना हटाउने अभियान तीव्र पारेका बेला उक्त नगरपालिका पनि त्यसतर्फ अग्रसर भएको हो ।

सार्वजनिक जग्गा, स्थल र सडकको क्षेत्राधिकार मिचेर बनाइएका संरचना हटाउन लागिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लिलाबल्लभ न्यौपानेले जानकारी दिनुभयो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) मा सार्वजनिक ऐलानी तथा पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा र भौतिक पूर्वाधारको संरक्षण तथा सुरक्षाको जिम्मेवारी नगरपालिकाको हुने भन्ने प्रावधान भएकाले अतिक्रमण गरी बनाइएका संरचना हटाउन ३५ दिनको सूचना जारी गरिएको हो ।

सार्वजनिक जग्गा प्रयोग गरी सञ्चालन गरिएका व्यापार तथा व्यवसाय, सडकको क्षेत्राधिकारभित्र सञ्चालन भएका व्यवसाय, सार्वजनिक जग्गा, राजमार्ग तथा भित्री सडक ओगटी गरिएका निर्माण कार्य, सार्वजनिक जग्गा तथा सडकको क्षेत्राधिकारभित्र सञ्चालित ठेलागाडा तथा घुम्ती सवारी साधन हटाउन आग्रह गर्दै ३५ दिनभित्र उक्त संरचना नहटाइए नगरपालिकाले नै हटाउने जनाइएको छ ।

# दलहरूबीच आरोप प्रत्यारोपभन्दा समीक्षा हुनु जरुरी छ : पूर्वप्रम भट्टराई

**रासस**
**काठमाडौं, १ असोज**

नेपाल समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले दलहरूबीच आरोप प्रत्यारोप गर्नुभन्दा हालसम्म भए गरेका काम र जनअपेक्षाको समीक्षा गर्नुपर्ने बताउनुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा उहाँले यो इतिहासले सुम्पिएको जिम्मेवारी हामीबाट कति पूरा भयो समीक्षा गर्ने बेला हो भन्नुभयो । "जनताले कसरी हेरिरहेको छ त्यो हेर्न जरुरी छ । राजनीतिक विकृतिहरूका समाचार आइरहेको अवस्थामा आफैँलाई हेर्न जरुरी छ । यही संसद्बाट निर्वाचित सरकारले संसद्लाई दुई पटक विघटन गर्न पुगे । धन्न हामीले जोगाउन सफल भयौँ", उहाँले भन्नुभयो । अध्यक्ष भट्टराईले न्यायपालिका कति खोक्रो भएको रहेछ भन्ने अहिलेको महाअभियोग छानबिन समितिमा भइरहेको बयानका क्रममा सुनिएका कुराले थाहा हुन्छ भन्नुभयो ।

कतिपय काम नभएका होइन उपलब्धि भएका छन् तर जनअपेक्षाअनुसार काम हुन नसकेको उहाँले उल्लेख गर्नुभयो । नागरिकता विधेयकका सम्बन्धमा दलीय आधारमा लम्बिनु नहुने धारणा व्यक्त गर्दै उहाँले नागरिकता विधेयक कुनै बहाना नगरीकन छिटो जारी गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "यसअघि वैवाहिक अङ्गीकृत नागरिकता पनि दिएकै हो । महिलालाई संवैधानिक रूपमा विभेद गर्न मिल्दैन । आफ्नो बाबुको पहिचान नखुलेको अवस्थामा स्वघोषित आमाले भन्दा नागरिता दिनुपर्छ ।" सङ्क्रमणकालीन दुई आयोगका विषय कुनै पार्टी विशेषको नभई समग्र शान्ति प्रक्रियाको हिस्सा भएको बताउँदै उहाँले यसलाई किन लम्ब्याएर राखियो भनी प्रश्न गर्नुभयो । यसमा हजारौँ पीडित जनताले न्याय पाउनु पर्दैन भन्दै उहाँले यो विस्तृत शान्ति सम्झौतापछि सबैको साझा समस्या हो भन्नुभयो ।


**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# जे मा पनि बहुमत अल्पमत

प्रतिनिधिसभाको कार्यकाल सकिनु केही घण्टा अघि महाभियोग सिफारिस समितिले निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणालाई महाभियोग लगाउनुपर्ने बहुमतको प्रतिवेदन सभामुखसमक्ष बुझाएकोछ । प्रतिवेदनमा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले ८ बुँदे फरक मत राखेको छ । प्रतिनिधिसभाको बैठकमा पेस नभइ संसद सचिवालयमा थन्क्याउने प्रतिवेदन सत्ता गठबन्धनका सदस्यहरूले बुझाएका छन । सत्ता गठबन्धन काङ्ग्रेस, माओवादी केन्द्र, नेकपा एस र जसपाका छ जनाको बहुमतले महाअभियोग लगाउन सकिने प्रतिवेदन बनाएको थियो । एमाले र लोसपाका पाँच जनाले फरक मत राखेका छन । संसदीय समितिले साझा धारणा बनाउन नसक्ने भएको छ । सत्तारुढको बहुमतको आधारमा प्रतिवेदन तयार हुने गरेको छासत्ता गठबन्धनका समानुपातिक सांसदहरू रहेको हुँदा सत्तासीन दलका नेताले जे चाहेका छन त्यही ल्याउनेलाई राख्ने गरेका छन । संसदीय समितिप्रति जनताको विश्वास हराउँदै गएको छ ।

प्रतिवेदनमा केही विषयमा थप अध्ययन, अनुसन्धान अझै गर्नु पर्ने देखिएको तर यस संसदमा पर्याप्त समय अभाव भएकोले संविधानको धारा १०१ को उपधारा (६) बमोजिम अर्को प्रतिनिधिसभाको बैठकमा पेस गरी टुङ्गो लगाउनु पर्ने सुझाव समेत दिइएको छ । त्यस्तै आरोप लागेका प्रधान न्यायाधीश जबराले सर्वोच्चको भवन निर्माणमा अनियमितता गरेको र विभिन्न मुद्दामा आर्थिक लेनदेन गरी अकुत सम्पत्ति कमाएको विषयमा थप अध्ययन कार्य अगि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण विभागमा लेखि पठाउन समेत सिफारिस गरेको छासर्वोच्च अदालतले गरेको फैसलामा न्यायाधीशको न्याय परिषद्ले मात्र हेर्न सक्ने छ । सम्पत्ति शुद्धिकरण प्रधानमन्त्री मातहतको भएको हुँदा निष्पक्ष छानबिन हुने देखिदैन ।

बहुमतले सुझाएका आधारमा - १ वादी नेपाल सरकार र प्रतिवादी राजनकृष्ण कोइराला भएको कर्तव्य ज्यान मुद्दामा सजाय घटाइ कानुनको गम्भीर रूपमा उल्लङ्घन गरेको । -२ संवैधानिक नियुक्ति सम्बन्धी मुद्दालाई सुनवाइ प्रक्रियामा नलगी न्यायाधीशले पालना गर्नु पर्ने आचार संहिताको गम्भीर उल्लङ्घन गरेको । -३ संसद् विघटन सम्बन्धी मुद्दामा संलग्न पाँचै जना न्यायाधीशलाई महाभियोग लगाइदिनु भनी निजले समितिमा बयानका क्रममा भनेको देखिँदा न्यायपालिकाले स्वतन्त्रतापूर्वक गर्नुपर्ने काम नगरी कार्यकारिणीका मानिससँग सल्लाह गर्ने गरेको पुष्टि भई निष्पक्ष रूपमा कार्य सम्पादन गर्ने कार्य क्षमताको अभाव रहेको देखिएको । -४ सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सर्वोच्च अदालत भवन निर्माण सम्बन्धी ठेकामा अन्तर्राष्ट्रिय बोलपत्र आव्हान नगरी कानुनको गम्भीर उल्लङ्घन गरेको । -५ संवैधानिक नियुक्ति सम्बन्धी बैठकमा निष्पक्ष भूमिका खेल्न नसकेको । -६ कानुन व्यवसायी, पक्ष लगायतका न्यायका उपभोक्ताले अदालत प्रति विश्वासै हुन नसक्ने वातावरण बनाई न्यायपालिकाको स्वतन्त्रतामाथि प्रश्न चिन्ह खडा भएको । -७ कृष्णमान विरुद्ध हंसमान सिंहको मुद्दा, प्रेरणा शाहको मुद्दा, वीरगञ्जको सार्वजनिक पोखरी सम्बन्धी मुद्दा, क्यासीनोको सञ्चालन तथा राजश्व सम्बन्धी मुद्दा, एनसेलको कर छलीको मुद्दा लगायतमा कानुनको व्याख्यामा गम्भीर त्रुटि गरेको देखिएको । -८ निज प्रधान न्यायाधीश नियुक्ति हुनु पूर्व भएको संसदीय सुनुवाइमा गरेका प्रतिबद्धता पूरा गर्न नसकी पदीय जिम्मेवारी र कर्तव्य पूरा गर्न नसकेको । -९ न्याय प्रशासनको अन्तिम जिम्मेवारी लिने संवैधानिक व्यवस्था बमोजिमको कर्तव्य पूरा गर्न नसकेको भन्ने छ । जस्ले महाअभियोग लगाउने कारणले हस्ताक्षर गरेका थिए उनीहरू नै समितिमा बसेर बयान लिने र प्रतिवेदन बुझाउने कामले न्यायालयको सुधार भन्दा सत्ताको नियन्त्रणमा राख्ने काम मात्र गर्दछ ।

# नयाँ घरमा दसैं मनाउन पाउँदा खुसी छन्, 'विपन्न समुदाय'

पोखरापत्र संवाददाता
तनहुँ, १ असोज

नयाँ घर बनेपछि खुसीले गद्गद् हुनुहुन्छ, तनहुँ भानु नगरपालिका-४ का गोरे नेपाली । छाप्रोमा बस्दाको समयमा राति जङ्गली जनावरले आक्रमण गर्छ कि भन्ने डरबाट अब नेपाली मुक्त हुनुभएको छ 'जनता आवास कार्यक्रम' अन्तर्गत गण्डकी प्रदेश सरकारले दुई कोठे पक्की घर बनाइदिएपछि उहाँको डर र चिन्ता हटेको हो । विगत लामो समयदेखि कच्ची र जोखिम घरमा बस्न बाध्य भएका यहाँका विपन्न समुदायका व्यक्तिको ढिलै भए पनि अनुहारमा खुसी छाएको छ । ईँटाको गारो रङ्गीन जस्तापाताले छाएको सुरक्षित घरमा यसपालिको दसैं मनाउन पाउँदा खुसी लागेको नेपाली बताउनुहुन्छ । नयाँ घरमा बस्न पाईदैन कि भन्ने सपना पूरा भएको उहाँको भनाइ छ ।

जनता आवास कार्यक्रमअन्तर्गत तनहुँमा दुई सय ४६ सुरक्षित घर बनाएपछि गरिब तथा विपन्न घरपरिवारमा खुसी छाएको छ । वर्षौंदेखि छाप्रोमा बस्दै आएका घर परिवार नयाँ घर पाउँदा विपन्न समुदायका मानिस निकै खुसी छन् । जिल्लाका १० वटै पालिकामा विपन्न समुदायका लागि घर निर्माण गरिएको पूर्वाधार विकास कार्यालयका सवइन्जिनियर तथा जनता आवास कार्यक्रमका संयोजक हिमाल आचार्य बताउनुहुन्छ । घर निर्माणपछि दुई सय ११ नयाँ घरमा सरिसकेका छन् भने ७१ जना दसैँसम्ममा सर्ने तयारीमा रहेको उक्त कार्यालयले जनाएको छ ।

आव २०७५/७६ मा जनता आवास कार्यक्रम हस्तान्तरण गरिएपछि उक्त कार्यालयमार्फत घर निर्माण कार्य सुरु गरिएको हो । जिल्लाको देवघाट गाउपालिका-५ की सन्तमाया बोटे पनि नयाँ घरमा दसैं मनाउन पाउने भएपछि खुसी लागेको बताउनुहुन्छ । घर पाउँदा वर्षायाममा ढुक्कले बस्न पाएपछि छाप्रोमा बस्दा खेप्नुपरेको पीडा अन्त्य भएको उहाँको भनाइ छ। निर्माण गरिएका घरमध्ये दुई सय ११ ले पूरै किस्ता लगेका र ७५ ले अन्तिम किस्ता लैजान बाँकी रहेको कार्यालयका सूचना अधिकारी इन्जिनियर धनमाया मिश्र जानकारी दिनुहुन्छ ।

रु नौ करोड पाँच लाख ९५ हजार बजेट विनियोजन भएकामा आवास निर्माणका लागि घरको डिजाइनसहित प्रदेश सरकारले रु तीन लाख ३२ हजार पाँच सय उपलब्ध गराएको थियो । सम्बन्धित लाभग्राहीले १० प्रतिशत लागत सहभागिता जनाउनुपर्ने प्रावधान थियो । पालिकामार्फत भवन निर्माण गर्दा लाभग्राहीलाई सम्झौता गर्ने, रकम भुक्तानी लिन तथा अनुगमन गर्न सजिलो भएको कार्यालय प्रमुख सिनियर इन्जिनियर दिनेशकुमार घिमिरे बताउनुहुन्छ । जग्गा जमिन भएका तर घर बनाउने रकम नभएका गरिब, दलित तथा लोपोन्मुख परिवारलाई उक्त कार्यक्रममा समावेश गरी निःशुल्क घर निर्माण गरिएको उहाँको भनाइ छ ।

# कास्की नेत्रहिन संघ र समदृष्टी सहकारीको साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, १ असोज




कास्की नेत्रहिन संघको २५ औं बार्षिक साधारण सभा र समदृष्टी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको एघारौं बार्षिक साधारण सभा तथा छैटौं अधिवेशन सनिवार सम्पन्न भएको छ ।

अधिबेशनको कास्किका जिल्ला समन्वय समितिका प्रमुख लिलाधर पौडेलले उद्घाटन गरेका हुन । पौडेलले कास्किका अधिकाम्स बिकास संरचना र भौतिक पूर्वाधार अपाङ्गमैत्री नभएको भन्ने विषयका सन्दर्भमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको भन्दै अपांग मैत्री जिल्लाको रूपमा स्थापित गर्न आफूले समन्वयात्मक भुमिका निर्बाह गर्ने प्रतिबद्धता ब्यक्त गरे । सुन्दर कास्कीलाई हरेक दृस्टिकोणबाट सुन्दर बनाउन कास्कीका पाँचओटैपालिका हरुलाई आग्रह गर्ने बताए पौडेलले अपांगता भएका ब्यक्तिहरूलाइ हेर्ने दृष्टिकोणलाई परिवर्तन गर्नु पर्ने र सो भएमा मात्रै सामाजिक रुपान्तरणको बिषय सार्थक हुने बताए । सो अबशरमा बोल्ने बक्ताहरुले कास्किका सडक सहित बिकासका भौतिक पूर्वाधार अपाङ्गमैत्री नहुदा आफूहरुले कठिनाई भोग्नु परेको भन्दै समाधान गरिदिन पौडेलको ध्यानाकर्षण गराएका थिए । कास्की नेत्रहीन संघका अध्यक्ष श्रीकान्त सापकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघका केन्द्रिय उपाध्यक्ष खोमराज शर्मा, राष्ट्रिय अपांग महासंघ केन्द्रिय सदस्य रमेश पोखेल, नेत्रहीन संघ गण्डकीका अध्यक्ष लक्ष्मण सुबेदी समदृष्टी सहकारीका पूर्व अध्यक्ष शोभा पौडेल, उक्त सहकारीका अध्यक्ष शिशिर खनाल,अपांगमैत्री समाज कास्किका अध्यक्ष सन्त बहादुर परियार, नेत्रहिन महिला संघ कास्किका अध्यक्ष कमला शर्मा, पोखरा महानगरपालिकाका सामाजिक विकास अधिकृत राधा बिका लगाएतले मन्तव्य व्यक्त गरेका थिए ।

# 'गुरिल्ला पदमार्ग' प्रवर्द्धन गर्न पैंतीस दिनको पदयात्रा

-खेमराज गौतम
बागलुङ, १ असोज

गत दसैँमा बागलुङको ढोरपाटन उपत्यकामा १४ दिनको साइकल यात्रामा आउनुभएका कास्कीका दिवस गुरुङको मन अझै अघाएको थिएन । ढोरपाटनको मायाले उहाँलाई एक वर्ष नपुग्दै पुनः डोऱ्यायो । त्यसैले यसपटकको उहाँको यात्रा ढोरपाटनमा मात्र रोकिएन । 'गुरिल्ला पदमार्ग' सम्म नै पुग्यो ।

अघिल्लो पटक पोखराबाट साइकलमा १४ दिनमा ढोरपाटन क्षेत्रको भ्रमण सक्नुभएका गुरुङले यसपटक भने ढोरपाटनसँगै गुरिल्ला पदमार्गको ३५ दिने यात्रा एक्लै गर्नुभयो । साइकल र पदयात्रामार्फत पर्यटन प्रवर्द्धनमा लाग्दै आउनुभएका कास्कीको अन्नपूर्ण गाउँपालिका-४ निवासी २८ वर्षीय दिवस गुरुङले यस पटक गुरिल्ला पदमार्गको प्रवर्द्धनमा ३५ दिन बिताउनुभएको हो । साउन ७ गते बागलुङको ढोरपाटन नगरपालिकाको केन्द्र बुर्तिवाङबाट सुरु गरेको यात्रा ३५ दिनमा समापन गरिएको थियो । उहाँले एकलरुपमै पैदलयात्रामा ३५ दिन बिताउनुभएको छ । म्याग्दी जिल्लाको दरबाङबाट सुरु भएको गुरिल्ला पदमार्ग गुरुङले भने ढोरपाटनबाट सुरु गरेर पूर्वी रुकुम हुँदै ३५ दिनमा रोल्पामा पुग्नुभएको थियो । "गत दसैँमा ढोरपाटन उपत्यकामा १४ दिन बिताएँ, एकल साइकल यात्रामा हिँड्न रुचाउने मलाई ढोरपाटन घुम्ने बाँकी रहर थियो, ढोरपाटन उपत्यकाबाहेक ढोरपाटन क्षेत्रमा धेरै घुम्ने स्थान रहेछ, ढोरपाटन उपत्यकासँगै बुँकी क्षेत्रमै ११ दिन बित्यो", गुरुङले यात्रा स्मरण गर्दै भन्नुभयो, "खासगरी १० वर्षे द्वन्द्वको समयमा प्रयोग गरिएको पदमार्गलाई नै गुरिल्ला पदमार्ग नामकरण गरिएको हो, यसको प्रवर्द्धन र विकास पछि पर्यटक ल्याउन आफू एकल यात्रामा निस्केको थिए, ढोरपाटनको बुँकीहुँदै पूर्वी रुकुम, ठाकुर, पेल्मा, माइकोट, पूर्व रुकुमको टक्सेरा गाउँ, लुकुम, रोल्पाको थवाङ, जेल्बाङ, सकुल्वाङ हुँदै लिवाङ पुगेर यात्रा सकेको थिए ।" ढोरपाटन उपत्यकाबाट बुँकी एक दिनमै पुग्न सकिने भए पनि गुरुङले बुँकीमै केही दिन बिताउनुभएको थियो ।

माओवादी सशस्त्र द्वन्द्वका समयमा पनि रोल्पा हुँदै रुकुमबाट यही पदमार्ग प्रयोग गरेर तत्कालीन द्वन्द्वरत माओवादी आउजाउ गर्ने, युद्धका घाइतेलाई ओसार्ने तथा शव व्यवस्थापन गर्ने गरेका थिए । विसं २०७२ मा यही पदमार्गलाई पर्यटन बोर्ड र रोल्पा, रुकुमलगायतका जिल्लाका जिल्ला विकास समितिको पहलमा गुरिल्ला पदमार्ग नामकरण गरिएको थियो । गुरिल्ला पदमार्ग नामकरण गरेको आठ वर्ष पुगे लाग्दासमेत उक्त पदमार्ग चर्चामा आउन नसक्नु, ढोरपाटन शिकार आरक्षमा आएका पर्यटक उक्त पदमार्गप्रति आकर्षित नभएको पाइएकाले यसको विकास र प्रवर्द्धनका लागि ३५ दिने एकल पदयात्रा गरेको पदप्रदर्शकको समेत काम गर्दै आउनुभएका गुरुङले बताउनुभयो । "पथप्रदर्शकको काम गर्दा आफूले त्यस क्षेत्रको बाटो, कला, संस्कृति र भाषाको समेत जानकारी हुँनुपर्दछ भन्ने मान्यता हो", उहाँले भन्नुभयो, "गुरिल्ला पदमार्गको प्रवर्द्धनका लागि सन्देश दिने मेरो एकल यात्रा हो, यो मार्गमा थुप्रै विदेशी तथा स्वदेशी पर्यटक आउने सम्भावना छ भने ढोरपाटन शिकार आरक्षमा आएका विदेशी शिकारीको बसाई लम्बाउनसमेत गुरिल्ला पदमार्ग सहयोगी बन्न सक्दछ ।"

म्याग्दीको दरबाङदेखि ढोरपाटनहुँदै पूर्वी रुकुमदेखि रोल्पा पुग्ने गुरिल्ला पदमार्ग पुग्न थोरैमा १४ दिनदेखि बढीमा २७ दिन निर्धारण गरिएको छ । गुरिल्ला पदमार्ग हिँडेर छोटो समयमा १४ दिन पुगेपनि घुम्दै फिर्दै पुग्न कम्तीमा १९ दिनदेखि २७ दिनसम्म लाग्ने गरेको गुरुङको भनाइ छ । गुरुङले आफूले गुरिल्ला पदमार्गको प्रवर्द्धनसँगै द्वन्द्वकालको प्रभावको अवस्था, मगर भाषा र संस्कृतिको अध्ययन गर्न समेत एकल पदयात्रा गरेको बताउनुभयो । दश वर्ष माओवादी द्वन्द्वका क्रममा तत्कालीन माओवादीले अत्याधिक प्रयोगमा ल्याएका भिर, पखेरा, गोरेटो, घोरेटो बाटोलाई नै एकीकृत गरेर पछि गुरिल्ला पदमार्ग नामकरण गरिएको हो ।एकल पदयात्राका क्रममा स्थानीयसँग घुलमिल हुन सहज हुने र लामो यात्रामा साथ दिने साथीहरू पनि कम हुने भएकाले एकलयात्रा रोजेको गुरुङको बुझाइ छ । गुरिल्ला पदमार्गको प्रवर्द्धन र विकासका लागि यसको स्तरोन्नति गर्न आवश्यक रहेको, पदयात्राको विषयमा सूचना बोर्ड नभएको, कतिपय अवस्थामा गोरेटो मार्ग नकोरिएको र बस्ने खाने व्यवस्थापन नभएको पाइन्छ उहाँले सुनाउनुभयो । यो पदमार्ग धौलागिरि चक्रिय पदमार्ग र अन्नपूर्ण चक्रिय पदमार्गभन्दा कम नभएको पनि उहाँले बताउनुभयो । विसं २०७२को भूकम्पको समयमा राहत र उद्धारका लागि गोरखा गएको सन्दर्भमा गुरुङले नेपाल सोचेभन्दा धेरै बृहत् रहेछ भन्ने ठानेपछि त्यसलगत्तै पर्यटन प्रवर्द्धनसहित एकल यात्रा गर्दै आउनुभएको छ । उहाँले इन्धन अभाव झेलेको नाकाबन्दीको समयदेखि साइकल यात्रासमेत गर्दै अउनुभएको छ । उहाँले सबैभन्दा बढी ४२ दिने एकल साइकल यात्रा २०७५ सालमा गर्नुभएको थियो । गुरुङले २९ जिल्लालाई समेटेर गेरेको साइकल यात्रापछि गुरिल्ला पदमार्ग लामो यात्रा भएको बताउनुभयो ।

# डा रुइत र ज्ञवाली अभिनन्दित

रासस
काठमाडौं, १ असोज

नागरिक समूहले तिलगङ्गा आँखा अस्पतालका निर्देशक तथा वरिष्ठ आँखा चिकित्सक डा सन्दुक रुइत र प्रेरक वक्ता सुधन ज्ञवालीलाई अभिनन्दन तथा सम्मान गरेको छ ।

समूहले यहाँ आज आयोजित 'अबको दृष्टि, स्वाभिमानसहितको समृद्धि' विषयक अन्तर्क्रिया तथा अभिनन्दन कार्यक्रममा राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले उहाँहरूलाई अभिनन्दन गर्नुभयो । पूर्वी पहाडी जिल्ला ताप्लेजुङको चिनियाँ सीमावर्ती गाउँ ओलाङचुङगोलामा जन्मिनुभएका डा रुइतलाई सन् २००६ मा रमन म्यागसेसे पुरस्कार प्रदान गरिएको थियो । विश्वविख्यात सरल र कम लागतको मोतियाविन्दुको चिकित्सा पद्धति 'रुइतेक्टोमी' का सुरुआतकर्ताका रूपमा परिचित डा रुइतले आफ्नै हातले एक लाखभन्दा बढीको मोतियाबिन्दु शल्यक्रिया गर्नुभएको छ । विश्व स्वास्थ्य सङ्गठनमा कार्यरत ज्ञवालीले यसअघि लामो समय रेडियो नेपाल, नेपाल टेलिभिजनलगायत सञ्चार माध्यममा काम गरिसक्नुभएको छ । पछिल्लो चरणमा प्रेरक वक्ताका रूपमा चर्चित ज्ञवालीले शिखर न्यूज डटकमको युट्युब च्यानल शिखरन्यूज टिभीबाट सकारात्मक सोचसम्बन्धी कार्यक्रमसमेत सञ्चालन गर्नुभएको छ । सोही अवसरमा राष्ट्रियसभाका अध्यक्ष तिमिल्सिनाले मुलुकको आर्थिक र सामाजिकलगायत सम्पूर्ण विकासका निम्ति आगामी मङ्सिर ४ गते हुने सङ्घ र प्रदेशको निर्वाचनमा युवापुस्तालाई अवसर दिनुपर्नेमा जोड दिनसभयो । देशभित्रैरहेकाजल,जमिन,जडीबुटीलगायत स्रोत साधनको उपयोग गरी देशभित्रै रोजगारीको सिर्जना गर्नुपर्ने उहाँको भनाइ थियो । अध्यक्ष तिमिल्सिनाले भन्नुभयो, "अब आगामी निर्वाचनमा तपाईंहरूले सुशासन ल्याउन सक्ने, दीर्घकालीन भिजन भएको, पारदर्शी, भ्रष्टाचार अन्त्य गर्न सक्ने नेतृत्व चयन गर्नुपर्छ ।" डा रुइतले देशको निम्ति काम गर्नेहरूलाई प्रोत्साहन गर्दै देशको विकासका लागि युवा पुस्तालाई स्थान दिनुपर्ने बताउनुभयो । कार्यक्रममा प्रेरक वक्ता ज्ञवालीले स्टोरी टेलिङ गर्नुभएको थियो । समूहका अध्यक्ष जयराम सिग्देलले समूहले भ्रष्टाचारको विरुद्धमा समेत अभियान सञ्चालन गर्दै आएको बताउनुभयो । संस्थापक अध्यक्ष निगम हुमागाईंले आगामी निर्वाचनमा प्रष्ट नीति भएको नेतृत्व चयन गर्नुपर्नेमा जोड दिनुभयो ।

# प्रतिनिधिसभाको चालु अधिवेशन अन्त्य

रासस
काठमाडौं, १ असोज

प्रतिनिधिसभाको चालु ११औँ अधिवेशन शनिबार राति १२:०० देखि अन्त्य हुने भएको छ । सभामुख अग्निप्रसाद सापकोटाले प्रतिनिधिसभाको आजको बैठकमा सो सम्बन्धी राष्ट्रपति कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउँदै उक्त जानकारी गराउनुभयो । नेपालको संविधानअनुसार सरकारको सिफारिसमा राष्ट्रपतिले संसद्को अधिवेशन प्रारम्भ र अन्त्य गर्ने संवैधानिक व्यवस्था छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यासित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## पसल बिक्रीमा

पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसल विशेष कारणवस्तुः बिक्रीमा छ ।
सम्पर्क:
९८२७१९९५८६
९८१९१७११७८

# मन्त्री दोबाटेद्वारा एसओएस बालग्रामका बालबालिकासँग भेटघाट

पोखरापत्र संवाददाता
पोखरा, १ असोज

गण्डकी प्रदेशका आन्तरिक मामिला मन्त्री दोबाटे विश्वकर्माले एसओएस बालग्राम गण्डकीमा आश्रय लिएर बसेका बालबालिकासँग भेटघाट गरेका छन् ।

बालग्रामद्वारा आफ्नै प्राङ्गणमा आयोजित ५८ औं राष्ट्रिय बालदिवसका अवसरमा प्रमुख अतिथिका रूपमा उपस्थित मन्त्री विश्वकर्माले बालबालिकासँग भेटघाट गरी उनीहरूका सिर्जना र प्रतिभाको अवलोकन गरे । बालग्राममा कार्यरत अभिभावक, आमा र अन्य कर्मचारीसँग कुराकानी गर्दै बालबालिकाहरूको उज्ज्वल भविष्यको कामना गरे । कार्यक्रमको सभापतित्व बालग्रामका योजना निर्देशक प्रदीपभक्त आचार्यले गरेका थिए । युथ क्लब गण्डकीका अध्यक्ष सुरेश भुजेलद्वारा स्वागत मन्तव्य राखिएको उक्त कार्यक्रममा बालग्रामभित्र गठित माछापुच्छ्रे बाल क्लबकी



सदस्य समीक्षा सुवेदीले समेत मन्तव्य राखिन् । कार्यक्रममा एसओएस गण्डकीका निमित्त प्राचार्य चूडामणि सुवेदीले एसओएस नेपालका निर्देशक डा. गङ्गाबहादुर गुरुङबाट प्राप्त भएको शुभकामना-सन्देश पढेर सुनाएका थिए । कार्यक्रममा बालग्रामका बालबालिकाहरूले विभिन्न प्रस्तुतिहरूमार्फत आफ्ना प्रतिभाहरू प्रदर्शन गरेका थिए । कार्यक्रममा एकल तथा सामूहिक सांस्कृतिक नृत्यसमेत प्रदर्शन गरिएको थियो ।

कार्यक्रममा आईओआर एसियाका वित्तीय निर्देशक अमित गुलाटी, वित्तीय नियन्त्रक अर्चना सिंह, एसओएस बालग्राम नेपालका वित्तीय निर्देशक शेखर क्षत्री, एसओएस बालग्राम पोखराका योजना निर्देशक लोब्साङ ग्यात्सेन, माछापुच्छ्रे बाल क्लबकी अध्यक्ष ऋषिका पराजुली, एसओएस स्कुल गण्डकीका निमित्त प्राचार्य चूडामणि सुवेदी, सहप्राचार्य किरण सापकोटा, एसओएस सामाजिक केन्द्रका संयोजक राजेन्द्र रेग्मी, बालग्राम गण्डकीका सहनिर्देशक भवानी बस्नेत, आमा प्रतिनिधि सीता केसी, शिक्षक कर्मचारी तथा कल्याणकारी युनियन एसओएस गण्डकीका इकाइ अध्यक्ष टीकाराम सुवेदीलगायतका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

प्रमुख अतिथिको आसनबाट बोल्दै गण्डकी प्रदेशका आन्तरिक मामिला मन्त्री दोबाटे विश्वकर्माले आगामी दिनमा एसओएस बालग्राम गण्डकीका विद्यार्थीहरूको संरक्षणमा प्रदेश सरकारले विशेष चासोका साथ काम गर्ने बताए । बालबालिकामाथि चौतर्फी आक्रमण बढिरहेको वर्तमान समयमा सबै पक्ष सचेत र संवेदनशील हुनुपर्ने बताउँदै मन्त्री विश्वकर्माले पढाइसँगै आयोजना गरिने रचनात्मक क्रियाकलापहरूले विद्यार्थीको चौतर्फी विकासमा सहयोग पुऱ्याउने बताए । त्यस्तै सभाध्यक्षको आसनबाट बोल्दै बालग्रामका योजना निर्देशक प्रदीपभक्त आचार्यले विद्यार्थीहरू आफ्नो अधिकारसँगै कर्तव्यपालनका लागि समेत उत्तिकै दत्तचित्त भएर लाग्नुपर्ने धारणा राखे । एसओएस युवालयका उपनिर्देशक बाबुराम बरालले कार्यक्रम सञ्चालन गरेका थिए ।

# चौर गाउँको विकास गर्छौं: वडा

पोखरापत्र संवाददाता
पोखरा, १ असोज

पोखरा १८ स्थित चौर पाखा गाउँको विकासका लागि वडा कार्यालय सकारात्मक रहेको त्यहाँका जनप्रतिनिधिले बताउनुभएको छ।

शनिवार गाउँमा भएको भेलाका बीच वडा सदस्य नमराज सुवेदीले हिजो चौरपाखाको विकासलाई उपेक्षा गरिएकोमा दुःख व्यक्त गर्दै अब त्यस्तो नहुने प्रतिबद्धता जनाउनुभयो । विकट गाउँको विकासका लागि संघीयता आएको उल्लेख गर्दै वडा सदस्य सुवेदीले चौरपाखालाई उज्यालो गाउँ बनाउन वडाले सडक बत्ती सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो । वडा सदस्य रमेशबहादुर थापाले पोखराको मुख्य क्षेत्रबाट चौरपाखा नजिक रहेपनि विकट रहेको औंल्याउँदै गाउँसम्म पुग्नेसडकस्तरउन्नतिकालागिवडा



संवेदनशील रहेको सुनाउनुभयो । जनप्रतिनिधी समक्ष गाउँलेहरुले सडकको स्तरउन्नतीका साथै चौरपाखादेखि मेथलाङसम्म सिढी बाटो निर्माण, काठे पोल विस्थापन साथै गाउँमा एक घर एक धारा कार्यक्रम लागु गरिदिन माग पनि गर्नुभयो ।

यसैबीच उक्त भेलाले श्रीभद्र पौडेलको अध्यक्षतामा सौरेखोला चौरपाखा मोटरबाटो निर्माण समिति पनि गठन गरेको छ ।जसको उपाध्यक्षमा संजीव अधिकारी, सचिवमा मैयाँ भुर्तेल अधिकारी, कोषाध्यक्षमा लिलारमण भुर्तेल तथा सदस्यहरुमा नवराज अधिकारी (नविन), पार्वती अधिकारी, इन्द्रप्रसाद अधिकारी, राजुप्रसाद अधिकारी र इन्द्रबहादुर केसी चयन हुनुभयो।भेलाले इन्जिनियरसुनिल अधिकारीको संयोजकत्वमा हरिश्चन्द्र अधिकारी र वडा सदस्य नमराज सुवेदी सदस्य रहने गरी अनुगमन समिति पनि गठन गरेको छ । त्यस्तै टंकप्रसाद अधिकारी, रामप्रसाद ज्ञवाली, भगवान् अधिकारी र शिवप्रसाद अधिकारीलाई सल्लाहाकारको जिम्मेवारी पनि दिइएको छ ।

# भूमिहीनले कहिले पाउँछन् पुर्जा ?

रासस
दमौली, १ असोज

तनहुँका दशवटै पालिकामा भूमिको समस्या छ । वर्षौंदेखि हजारौं सर्वसाधारण भूमिहीन भएर बस्न बाध्य छन् । वर्षौंदेखि बस्दै आएको आफ्नै जग्गाको पुर्जा छैन उनीहरुसँग । सरकारले पटकपटक भूमि आयोग बनायो, भूमिहीनको समस्या ज्यूँकात्यूँ छ । तैपनि लालपुर्जा पाउने आश सर्वसाधारणमा मरिसकेको छैन ।

जिल्लाका १० पालिकामा भूमिहीन दलित एक हजार एक सय आठ, भूमिहीन सुकुम्बासी एक हजार आठ सय ७२ र अव्यवस्थित बसोबासी २३ हजार एक सय ३७ गरी २६ हजार एक सय १७ जनाको निवेदन दर्ता भएको छ। जिल्लाका विभिन्न पालिकाले भूमिहीनलाई निवेदन दर्ताको निस्सा बाँडिरहेका छन् । निस्सा पाउँदा मात्रै पनि खुसी भएका भूमिहीन पुर्जा कहिले पाइन्छ भन्ने आशमा छन् । भानु नगरपालिका-१ नयाँबस्तीका रामबहादुर परियारले निस्सा पाएको अब पुर्जाको आशमा रहेको बताउनुभयो । निस्सा पाएपछि अब लालपुर्जा पाउने आश पनि जागेको उहाँ बताउनुहुन्छ । “अब त पुर्जा पाउँछु कि भन्ने आश जागेको छ, धेरै खुसी लागेको छ, पुर्जा पनि छिट्टै पाए हुन्थ्यो”, परियारले भन्नुभयो ।

बुबा, हजुरबुबा र जिजुहजुर बुबाको पालादेखि नै आफूहरुको जग्गाको पुर्जा नभएको उहाँले गुनासो गर्नुभयो । “चार पुस्ता भइसक्यो अझै पुर्जा छैन, अब त पाउँछौं कि जस्तो लागेको छ”, उहाँले भन्नुभयो । सुकुम्बासीलाई लालपुर्जा वितरणका लागि पटकपटक आयोग बने पनि पुर्जा नपाएको विगत सम्झिँदै उहाँ भन्नुहुन्छ, “यो आयोग पहिलाको जस्तै नहोस्, जग्गा मिल्ने आशामा कैयौं पटक आन्दोलनमा गयौं तर पुर्जा पाएनौं ।” सोही ठाउँकी ८० वर्षीया डिलकुमारी रानाले पुर्जा पाउने आशामा बसेको वर्षौं बितिसकेको बताउनुभयो । प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले गठन गरेको राष्ट्रिय भूमि आयोगले तनहुँमा जग्गा नापजाँचको प्रक्रिया अगाडि बढाएको छ । राष्ट्रिय भूमि आयोग तनहुँको सहकार्यमा जिल्लाका केही स्थानीय तहले भूमिहनि दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा दिने प्रक्रियास्वरुप जग्गाको नापजाँचको काम सुरु गरेका छन् । आँबुखैरेनी गाउँपालिका, शुक्लागण्डकीनगरपालिकारदेवघाट गाउँपालिकाले जग्गा नापजाँचको कामलाई अगाडि बढाएका छन् । आँबुखैरेनी गाउँपालिकाले वडा नं २ गाउँबेंसी टोलबाट जग्गा नापीको काम सुरु गरेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो । लामो समयदेखि भूमिहीन र अव्यवस्थित बसोबासीका रुपमा रहेका सर्वसाधारणलाई लालपुर्जा प्रदान गर्नका लागि समयमै नापजाँच कार्य सम्पन्न गराउने उहाँले बताउनुभयो । “चुनाव आउँदैछ, चुनावका लागि भोटका लागि यो काम गरेको नभनुहोला, भूमिहीनलाई लालपुर्जा दिने कुरामा प्रतिबद्ध छौं”, उहाँले भन्नुभयो । शुक्लागण्डकी नगरपालिका- ७ र २ मा जग्गा नापीको काम सुरु गरेको नगरप्रमुख कृष्णराज पण्डितले बताउनुभयो । विसं २०७७ मा प्रकाशित सूचनाअनुसार दर्ता हुन आएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको निवेदनबमोजिम जग्गाधनी प्रमाणपुर्जा वितरण गर्ने प्रक्रियाअन्तर्गत जग्गाको नापजाँच सुरु गरिएको पण्डितले बताउनुभयो । जग्गा नापजाँच सुरु गर्नु अगाडि नगरपालिकाले स्थानीयवासीलाई निवेदन दर्ताको निस्सा वितरण गरेको थियो ।

शुक्लागण्डकीमा करिब पाँच हजार पाँच सय भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी छन् । विगत लामो समयदेखि आफूले भोगचलन गर्दै आएको भूमिको पुर्जा सिरानीमा राखेर निदाउने तनहुँको शुक्लागण्डकी नगरपालिकाको चाहना अझै पूरा हुन सकेको छैन । पटकपटक लालपुर्जा पाउने आश्वासन पाए पनि त्यो सपना अधुरै छ । निर्वाचनका बेला भोट तान्न आश्वासन पाए पनि स्थानीयवासीले लालपुर्जा पाउन सकेका छैनन् ।

शुक्लागण्डकी नगरपालिका- २, ५, ६, ७ र ८ मा अव्यवस्थित, सुकुम्बासीको बसोबास अधिक छ । बस्तीमा सडक, बिजुली, खानेपानी, विद्यालय जस्ता आधारभूत विकास भए पनि पुर्जाविहीन हुनुको पीडाले स्थानीयवासी चिन्तित छन् । देवघाट गाउँपालिका-५ को देउपुर टोलमा पनि जग्गाको नापजाँच भइरहेको वडाध्यक्ष पूर्णबहादुर कुँवरले बताउनुभयो । सबैभन्दा बाक्लो बस्ती भएकाले यो टोलबाट जग्गा नापजाँचको काम सुरु गरिएको हो ।

यो टोलमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यस्थित बसोबासी गरी तीन सय ५५ लाई निवेदन दर्ताको निस्सा वितरण गरिएको थियो । राष्ट्रिय भूमि आयोग तनहुँका अध्यक्ष रामचन्द्र अधिकारीले स्थानीय तहको समन्वयमा भूमिहीनलाई लालपुर्जा र अव्यवस्थितबसोबासीलाईव्यवस्थित बनाउने प्रक्रिया सुरु गरिएको जानकारी दिनुभयो । राष्ट्रिय भूमि आयोगका अनुसार हालसम्म शुक्लागण्डकी नगरपालिका-७, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका-१ र २, देवघाट गाउँपालिका-५ र व्यास नगरपालिका-१ र २ मा भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थितबसोबासीकोनिवेदनको निस्सा वितरण गरिएको छ ।

# दश शैयाको अस्पताल बन्न थालेपछि स्थानीय खुसी

रासस
बागलुङ, १ असोज

बागलुङको निसीखोला गाउँपालिकाका सबै वडामा सामुदायिक स्वास्थ्य इकाइ तथा स्वास्थ्यचौकी छन् । जटिल प्रकारको उपचार गर्न यहाँका नागरिक बुर्तिबाङ झर्न बाध्य छन् । उनीहरुले अहिलेसम्म निसीखोलामा विशेषज्ञ डाक्टरबाट उपचार गराउन पाएका छैनन् । एक दशक अगाडिसम्म जिल्लाकै सबैभन्दा दुर्गम गाउँका रुपमा चिनिएको निसीखोला मध्यपहाडी लोकमार्गले अहिले निकै सुगम बनेको छ । तर गुणस्तरीय स्वास्थ्य सेवाका हिसाबले अझै दुर्गम छ ।

वर्षौंदेखि स्थानीयले निसीखोलामा अस्पतालको माग गर्दै आएका थिए । तर त्यसको सुनुवाइ भने हुन सकेको थिएन । गत वर्षदेखि यहाँ अस्पताल बनाउने प्रक्रिया अगाडि बढे पनि अहिले बल्ल निर्माण सुरु भएको छ । गाउँपालिकाको वडा नं ४ झिम्पामा पालिकास्तरीय १० शय्याको अस्पताल बन्न सुरु भएको छ । गाउँमै पालिकास्तरीय अस्पताल बन्न थालेपछि स्थानीयमा खुसी छाएको छ । “अब बिरामी भए पनि हजारौं पैसा खर्च गरेर टाढा जान नपर्ने भयो, गाउँमै ठूला अस्पताल बन्न थालेको छ, अहिलेसम्म यस क्षेत्रका मान्छे बिरामी पर्दाबित्तिकै बुर्तिबाङ जान्थे, बुर्तिबाङ भएन भने पाल्पा, पोखरा, काठमाडौं जाने गर्थे”, स्थानीय नरबहादुर घर्ती मगरले भन्नुभयो, “यहाँ अस्पताल बन्न लागेपछि त हाम्लाई निकै खुसी लागेको छ, यस ठाउँका जनतालाई अब केही दुःख हुने छैन, उपचारको हो दुःख भएको, अब अस्पताल बन्ने भयो ।” सङ्घीय सरकारको सहयोगमा निसीखोला आधार भूत अस्पताल बन्न लागेको हो । अस्पताल आगामी २०८० पुस महिनामा सम्पन्न गर्नेगरी निर्माण सुरु भएको गाउँपालिकाका सूचना अधिकारी पुरुषोत्तम गौतमले जानकारी दिनुभयो । गाउँपालिकाले रु १० करोड ९४ लाखको लागत अनुमान गरेकामा हिन्दुङ एसी आइएस जेबी कन्ट्रक्सनले रु आठ करोड २४ लाखमा निर्माण गर्नेगरी जिम्मा लिएको गौतमको भनाइ छ । अस्पताल १० शय्याको हुनेछ ।

“अघिल्लो वर्षदेखि नै काम गर्नेगरी अस्पतालको सम्झौताको काम पूरा भएको थियो, निर्माण कम्पनीले अहिले काम गरिरहेको छ”, गौतमले भन्नुभयो, “अहिले अस्पतालको भवन निर्माणका लागि पिलर उठाउने काम भएको छ, निर्माण कम्पनीले कामलाई तीव्रता दिएको छ ।” केन्द्र सरकारले कार्य प्रगतिका आधारमा बजेट दिने गौतमको भनाइ छ । अस्पताल भवन सुविधा सम्पन्न हुने र निर्माणपछि निसीखोलाबाटै विशेषज्ञ सेवा प्रदान गरिने जनाइएको छ । भवन दुईतले हुने छ । भवन निर्माणका लागि गाउँपालिकाले दुई वर्ष अगाडि नै आठ रोपनी निःशुल्क जग्गा प्राप्त गरेको थियो । अस्पताल बनाउन सात रोपनी दुई आना जग्गा आवश्यकपर्ने मापदण्डमा उल्लेख छ । स्थानीय दुर्गबहादुर सुनारलगायतका दाताले अस्पताल निर्माण लागि जग्गा प्रदान गरेपछि गाउँपालिकाले गत वर्ष नै अस्पतालको शिलान्यास गरेको थियो । अस्पताल गाउँपालिका- ३, ४, ५ र ६ का नागरिकलाई पायक पर्नेछ । झिम्पा गाउँको फेदमा निर्माण हुन लागेको अस्पतालमा विशेषज्ञसहित स्वास्थ्य सेवा भएपछि निसीखोलाका नागरिकलाई स्वास्थ्योपचारमा सहजहुनेगाउँपालिकाकाअध्यक्षपूर्णबहादुर घर्ती मगरले बताउनुभयो ।

उहाँले वर्षौंदेखि यहाँका नागरिक सहज स्वास्थ्य सेवा पाउनबाट वञ्चित हुँदै आएको भन्दै आधारभूत अस्पताल निर्माणपश्चात् गाउँठाउँबाटै सहज सेवा लिनसक्ने बताउनुहुन्छ । अध्यक्ष घर्ती मगरले भन्नुभयो, “माग गरेको लामो समयपछि अस्पताल बन्न थालेको छ, यसको निर्माण सम्पन्नपछि यहाँका नागरिकले विशेषज्ञ डाक्टरसहितको सेवा पाउनेछन् भन्नेमा हामी विश्वस्त छौं ।” स्वास्थ्योपचारका लागि नजिकमा अस्पताल नहुँदा विगतमा धेरै नागरिकले अकालमा ज्यान गुमाउनु परेको भन्दै अब कुनै पनि नागरिकले स्वास्थ्योपचार पाएर अकालमा ज्यान गुमाउनु नपर्ने बताउनुभयो । अध्यक्ष घर्तीमगरले अब सामान्य बिरामी भए पनि बुर्तिबाङ पुग्नुपर्ने बाध्यता हट्ने र नागरिकको स्वास्थ्य, समय र पैसासमेत बचत हुने बताउनुहुन्छ । ध्यक्ष घर्तीमगरले अहिलेसम्म पालिकामा एउटा पनि एम्बुलेन्स नभएको भन्दै त्यसका लागि गाउँपालिकाले बजेट विनियोजन गरेको बताउनुभयो । चालु आर्थिक वर्षमै एम्बुलेन्स सञ्चालनका लागि आवश्यक प्रक्रियासमेत अगाडि बढाइसकेको उहाँको भनाइ छ । “पालिकाले एम्बुलेन्स सञ्चालनका लागि बजेट विनियोजन गरिसकेको छ भने आवश्यक प्रक्रिया पनि अगाडि बढाइसकेका छौं, सम्भव त यसै वर्ष सञ्चालनमा आउला ।”

# म्याग्दीका २१ विद्यालय राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा छनोट

पोखरापत्र संवाददाता
म्याग्दी, १ असोज

म्याग्दीका २१ विद्यालय चालु आर्थिक वर्ष २०७९/८० को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा छनोट भएका छन् ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले २०७९ भदौ २९ गतेको मन्त्रीस्तरीय निर्णयबाट देशभर कार्यक्रम सञ्चालन हुने विद्यालयको विवरण सार्वजनिक गरेको थियो । जसअन्तर्गत म्याग्दीका २१ विद्यालयले भौतिक तथा शैक्षिक सुधारका लागि रु पाँच करोड ५३ लाख बजेट प्राप्त गरेका हुन् । छवटा विद्यालयमा चारकोठे भवन, सात वटामा दुईकोठे र १२ वटामा सूचना प्रविधि प्रयोगशाला स्थापनाका लागि छनोट भएका हुन् । चारकोठे भवनका लागि रु ५० लाख, दुईकोठेलाई रु २५ लाख र सूचना प्रविधि प्रयोगशालाका लागि रु छ लाख ५० हजारका दरले बजेट विनियोजन भएको छ ।

रघुगङ्गा गाउँपालिका-२ को मुक्तिधाम मावि, मालिका-२ रुमको राष्ट्रिय मावि, अन्नपूर्ण-१ दोवाको कैलाश मावि, धवलागिरि-७ धारापानीको किसानी चन्द्रकुन्ता मावि, मङ्गला-१ कुहुँको दिपशिखा मावि, बेनी नगरपालिका-७ को प्रकाश माविले चारकोठे भवन योजना पाएका छन् । दुईकोठे भवनमा छनोट हुने विद्यालयमा बेनी नगरपालिका-७ को बेनी सामुदायिक मावि, बेनपा-४ को धवलागिरि मावि, मङ्गला-४ बरंजाको महेन्द्ररत्न आधारभूत, धवलागिरि-७ को ताकम मावि, अन्नपूर्ण-५ को पाउद्वार मावि, मालिका-६ को मालिका आधार भूत र रघुगङ्गा-३ को रघुगङ्गा मावि छन् । रघुगङ्गा-३ को ज्ञानोदय मावि, रघुगङ्गा-१ को महादेव मावि, मालिका-३ को अमरज्योति मावि, मालिका-१ बिमको किसानी मावि, अन्नपूर्ण-७ रिमाको आदर्श मावि, अन्नपूर्ण-६ घारको मुक्तिमार्ग मावि, धवलागिरि-४ खिबाङको चन्द्रज्योति मावि, धवलागिरि-७ को हेम मावि, मङ्गला-२ को सिद्धशान्ति मावि र मङ्गला-१ को राष्ट्रिय जनजागृति माविले सूचना प्रविधि प्रयोगशालाको कार्यक्रममा छनोट भएका छन् ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वित्तीय हस्तान्तरण गरेपछि स्थानीय तहमार्फत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन हुने कार्यविधि छ । सामुदायिक विद्यालयको पूर्वाधार र सूचना प्रविधिको पहुँच विस्तारमा कार्यक्रम प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

# सङ्क्रमण सयभन्दा तल झर्‍यो

रासस
काठमाडौं, १ असोज

शनिबार सयभन्दा कममा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको नियमित बुलेटिनका अनुसार तीन हजार सात सय ४० जनामा गरिएको परीक्षणमध्ये ६३ जनामा सङ्क्रमण पुष्टि भएको छ । यस अवधिमा एक सय ३१ जना सङ्क्रमणमुक्त भएका छन् । यो कूल सङ्क्रमणको ९८.६ प्रतिशत हो । सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार नौ सय ६६ रहेको छ । पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौं र दुई सयभन्दा बढी सङ्क्रमित भएको जिल्ला ललितपुर रहेको छ । सङ्क्रमित शून्यभएका ११ वटाजिल्लारहेका छन् । यस्तै होमआइसोलेशनमा एक हजार नौ सय दुई, संस्थागत आइसोलेशनमा ६४, सघन उपचारकक्ष (आइसियू)मा २० जनाको उपचार भइरहेको छ । विगत २४ घण्टामा कोरोना भाइरसविरुद्धको खोप कसैले पनि लगाएका छैनन् ।